इमेल —barengrm@gmail.com
वेब —www.barengmun.gov.np

बरेङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
२०७३
गण्डकी प्रदेश, नेपाल

## स्यानेटरी प्याड आपुर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति: (२०७७/१२/०३ गते)

1. यस गा.पा. अन्तर्गतका विधालयहरुमा नि:शुल्क वितरणको लागि आवश्यक पर्ने स्यानेटरी प्याड सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
2. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, कर चुक्ता गरेको प्रमाणित पत्र उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorized Letter को प्रमाणित प्रतिलिपी र नियमानुसार को दरभाउपत्र दस्तुर रु.१००० (पछि फिर्ता नहुने गरी ) को बैंक भौचर निवेदन साथ पेश गरे पछी नियमानुसार दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ । उक्त दस्तुर प्रभु बैंक, बरेङ शाखा अन्तर्गत यस कार्यालयको राजस्व शिर्षक नं. १४५२९, कार्यालय कोड: ८०१०४४५१० तथा खाता नं. १४४०११२७१७५०००६१ मा जम्मा गर्नु पर्नेछ ।
3. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ ।
4. दरभाउपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा प्रभु बैक लिमिटेडमा रहेको धरौटी खाता नं. १४४०११२७१७५०००३१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।
Account holder's Name: Ga 3.1 Bareng Ga.pa. , Account Number:1440112717500031
5. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको १:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
6. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
7. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छन् ।
8. दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटी तथा वेभसाईटमा राखिने छ ।
9. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।
10. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| सि.नं. | शिलबन्दी पत्र.नं. | कामको विवरण | धरौटी रु. | दरभाउपत्रको मूल्य रु. |
|---|---|---|---|---|
| १ | BRM/SQ/SPAD/2077/78/05 | बिद्यालयमा निशुल्क वितरणको लागि स्यानिटरी प्याड खरिद । | २८,५००/- | १०००/- |